# धितोपत्र कारोबार सञ्चालन (दोस्रो संशोधन) विनियमावली, २०७८

धितोपत्र सम्बन्धी ऐन, २०६३को दफा ११७बमोजिम नेपाल धितोपत्र बोर्डको स्वीकृति लिई नेपाल स्टक एक्सचेञ्ज लिमिटेडले धितोपत्र कारोबार सचालन विनियमावली, २०७५ मा देहाय बमोजिम संशोधन गरेको छ ।

**संक्षिप्त नाम र प्रारम्भ:** (१) यी विनियमहरुको नाम "धितोपत्र कारोबार सञ्चालन (दोस्रो संशोधन) विनियमावली, २०७८" रहेको छ ।

(२) यो विनियमावली नेप्सेले तोकेको मिति देखि प्रारम्भ हुनेछ ।

**धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ को विनियम (१२) को उपविनियम (१) मा संशोधन:** धितोपत्र कारोवार सञ्चालन विनियमावली, २०७५ (यसपछि "मूल विनियमावली" भनिएको छ) को विनियम (१२) को उप विनियम (१) को सट्टा देहाय बमोजिमको उप विनियम (१) राखिएको छ:

"(१) प्रारम्भिक कारोवार सत्रमा मूल्य प्रविष्टी गर्दा अघिल्लो दिनको अन्तिम मूल्यको दुई प्रतिशत घटी वा बढी मूल्य सीमाभित्र रही गर्नु पर्नेछ ।"

**मूल विनियमावलीको विनियम १३ को उप विनियम (१) मा संशोधन:** मूल विनियमावलीको विनियम १३ को उप विनियम (१) को सट्टा देहाय बमोजिमको उप विनियम (१) राखिएको छ:

"(१) धितोपत्र व्यवसायीले धितोपत्रको कारोवारको लागि विनियम १२ बमोजिम मूल्य परिवर्तन सीमा प्रविष्ट गर्दा न्यूनतम दश पैसा वा दश पैसाले भाग जाने मूल्यमा आदेश प्रविष्टी गर्नु पर्नेछ ।

**मूल विनियमावलीको विनियम १३ उपविनियम (२) मा संशोधन:** मूल विनियमावलीको विनियम १३ को उप विनियम (२) हटाईएको छ ।

तोपत्र बो